मिति : २०७५/१२/१०

## प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुन

## २०७५ चैत्र महिना भित्र निवेदन दिने बारेको

## अत्यन्त जरुरी सूचना !

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हालै सुरुवात गरेको प्रधानमन्त्री रोजगार कार्यान्वयनको लागि आगामी आर्थिक वर्ष २०७६/७७ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७५ चैत्र महिना भित्रधधध आफूले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिहरुको सूचीमा सूचीकृत हुन निवेदन दिने व्यवस्था भएकोले यस नगरपालिका भित्र बसोबास गरेका इच्छुक व्यक्तिले वडा कार्यालयबाट निवेदन फारम प्राप्त गरी निवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ । साथै निवेदनको लागि फारम सम्बन्धित वडा कार्यालयबाट समेत प्राप्त गर्न सकिने छ ।

पाँचखाल नगरपालिका

नगर कार्यापालिकाको कार्यालय

तामाघाट, काभ्रेपलाञ्चोक

प्रमुख प्रशासकीय अधिकृत